गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

फोन नं४१८०५१-०११: ., ४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.np
ई : -info.gaurigangamun@gmail.com

पत्र संख्या : ०८३ /०८४
चलानी नं. :

चौमाला, कैलाली

आन्तारक आय (नदिजन्य पदार्थ बिक्री वितरण) ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति -२०८३/०८/०४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०८३ तथा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएका व्यवस्थाबमोजिम यस कार्यालयको आन्तरिक आय सङ्कलन गर्ने प्रयोजनका लागि देहायमा उल्लेखित स्थानहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) को उत्खनन, सङ्कलन तथा निकासी गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक तथा योग्य फर्महरूबाट रीतपूर्वक सिलबन्दी बोलपत्र (Hard Copy) वा विद्युतीय बोलपत्र (e-GP) मार्फत आहान गरिएको छ। इच्छुक फर्महरूले यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np/egp मार्फत वा यस कार्यालयमा हार्डकपी (Hard Copy) सिलबन्दी गरी पेस गर्न सकिनेछ। बोलपत्रदाताहरूले विद्युतीय माध्यम वा हार्डकपी (Hard Copy) मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेस गर्नुपर्नेछ।

तपसिलः

ठेक्का नं.	ठेक्काको नाम	दिगोरूपमा सङ्कलन गर्न मिल्ने परिमाण (घ.मि.)	न्यूनतम बोलकबोल अंक रु. (भ्याट बाहेक)	धरौटी रकम रु.	दरभाउपत्र दस्तुर रु.
GGM/NCB/IR01/2083/084	गौरीगंगा नगरपालिका शिवगंगा नदीघाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	२२,२४४.६ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ४७,१३,४०८.२९/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR02/2083/084	गौरीगंगा नगरपालिका चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४ वाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	३३८०४.४ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ७१,६२,८१४.३२/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR03/2083/084	गौरीगंगा नगरपालिका अण्डैया खोला, लिक्मा/ मटकौना नदीघाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	१९४७१.९ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ४१,२५,९००.८९/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR04/2083/084	गौरीगंगा नगरपालिका कान्द्रा नदीघाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	२७४०५.२ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ५८,०६,८८७.८३/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-

विस्तृत जानकारीका लागी www.bolpatra.gov.np/egp र https://gaurigangamun.gov.np मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

.....

भक्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत